निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

प.सं. च.नं./Ref:
२०७७/७८/नामावली/२.१/२३

मिति: २०७८/०९/०६

श्री जिल्ला निर्वाचन कार्यालय,
सबै ७७ जिल्ला ।

<u>विषय:- मतदाता नामावली सङ्कलन कार्य स्थगन गर्ने सम्बन्धमा ।</u>

हाल जिल्ला निर्वाचन कार्यालयहरूबाट भइरहेको मतदाता नामावली सङ्कलन सम्बन्धी कार्य अर्को व्यवस्था नभए सम्मको लागि स्थगन गर्ने सम्बन्धमा आयोगबाट मिति २०७७/०९/०६ मा देहाय बमोजिम निर्णय भएको हुँदा निर्णयानुसार गर्नु गराउनुहुन अनुरोध छ ।

<u>आयोगको निर्णय:</u>

" गृह मन्त्रालयको प.सं.०७७/७८ च.नं. ४१३, मिति २०७७/०९/०६ को प्राप्त पत्र अनुसार सम्वत् २०७८ वैशाख १७ गते शुक्रबार पहिलो चरण र २०७८ वैशाख २७ गते सोमबार दोस्रो चरणमा सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) मा भएको प्रावधान समेतका आधारमा हाल सबै जिल्ला निर्वाचन कार्यालयबाट भइरहेको मतदाता नामावली सङ्कलन सम्बन्धी कार्य सम्वत् २०७७ पौष ६ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि स्थगन गर्ने"

(दीपक पौडेल)
शाखा अधिकृत